# विश्व वातावरण दिवस, २०८२

पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, बिराटनगर

पर्यटन, वन तथा वातावरण मन्त्रालयले २०८२ साल जेष्ठ २२ गते मन्त्रालयका मन्त्री माननीय सदानन्द मण्डल तथा प्रदेश सचिव विशाल घिमिरेको उपस्थितिमा विभिन्न कार्यक्रम गरी ५२ औं विश्व वातावरण दिवस, २०८२ मनाएको छ ।

विश्व वातावरण दिवस, २०८२ मनाउने क्रममा विभिन्न विद्यालयका लगभग ५ सय बिद्यार्थीहरु, साझेदार संस्था GOALS FOUNDATION तथा मन्त्रालयका कर्मचारीहरूको सहभागीतामा ***"प्लाष्टिक प्रदुषण न्यूनीकरण, हाम्रो दायित्व"*** भन्ने मूल नारा सहित बिहानको ७.०० बजे र्‍याली निकालिएको थियो । र्‍याली बिराटनगरको महेन्द्र चोकबाट शुरू भई, पंचमुखी हनुमान मन्दिर, काली मन्दिर, बिराटनगर महानगरपालिकाको कार्यालय हुँदै आदर्श विद्यालय सम्म पुगेको थियो ।आदर्श विद्यालयको प्राङ्गणमा मन्त्रालयका प्रदेश सचिव विशाल घिमिरेले बिद्यार्थीहरूलाई प्लाष्टिकको प्रदूषणले मानव तथा जीवजन्तुको स्वस्थ्यमा हुने समस्या र समग्र वातावरणमा पार्ने प्रभावको बारेमा बताउँदै प्लाष्टिकको प्रयोग सम्भव भएसम्म नगर्न, कम गर्न तथा पुनः प्रयोग गरेमा मात्र ***प्लाष्टिक प्रदूषण न्यूनीकरण, हाम्रो दायित्व***को नारा सार्थक हुने बताउनु भयो । तत्पश्चात मन्त्रालयका प्रदेश सचिव, अन्य कर्मचारीहरु, विद्यालयका बिद्यार्थीहरु तथा GOALS FOUNDATION का सदस्यहरुले विद्यालयको परिसरमा बृक्षारोपण गरेका थिए। उक्त अवसरमा विद्यालयका बिद्यार्थी तथा महानगरका सफाइ कर्चारीहरूले प्लाष्टिकजन्य फोहर संकलन गरेका थिए भने कार्यक्रममा छलफल तथा अन्तरकृया, वातावरण सम्बन्धी चेतनामूलक नाटक मंचन तथा नयाँ नेपाल नामक संस्थासँगको सहकार्यमा जोगबनी

बिराटनगर राजमार्ग खण्डमा ५० थान बाँसको घेराबारा सहितको बृक्षारोपण कार्यक्रम गरिएको थियो ।

## कार्यक्रमका केही प्रतिनिधि तस्बिरहरु











